नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदवार, काठमाण्डौ

(योजना शाखा)

प.सं.: ०७३।७४ यो

च.नं: १६५

मिति : २०७४।७।२२

बिषय : निर्णयको कार्यान्वयन सम्बन्धमा ।

श्री अनुगमन तथा मुल्याङ्कन महाशाखा
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
श्री स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग
श्री केन्द्रिय पञ्जीकरण विभाग
श्री समिति/प्रतिष्ठान/आयोग

प्रस्तुत बिषयमा अर्थ मन्त्रालयको प.सं. २०७४।७५ च.नं. ४१ मिति २०७४।६।२७ को पत्रबाट प्राप्त मा. अर्थ मन्त्री ज्यूको अध्यक्षतामा बसेको बजेट कार्यान्वयन सम्वन्धि द्वैमासिक समीक्षा बैठकको निर्णय यसैसाथ संलग्न छ। उक्त पत्रबाट व्यहोरा अवगत गर्नु भै कार्यान्वयन गर्नु गराउनु हुन आदेशानुसार हुन अनुरोध छ।

(केशवराज सुवेदी)
शाखा अधिकृत

नेपाल सरकार
अर्थ मन्त्रालय
(अनुगमन तथा मूल्याङ्कन महाशाखा)

फोन नं.: ४२००४१८
फ्याक्स नं.: ४२००४६८
ईमेलmoev@mof.gov.np
सिंहदरवार, काठमाडौं

पो दर्ता: - ३१६
०७४/६/

प.सं. : २०७४/०७५
च.नं.: ४१

मिति: २०७४।०६।२७

**बिषयः निर्णयको प्रतिलिपि पठाइएको सम्वन्धमा ।**

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ।

माननीय अर्थमन्त्री श्री ज्ञानेन्द्रबहादुर कार्कीज्यूको अध्यक्षतामा मिति २०७४/०६/२३ मा सम्पन्न भएको आ. ब. २०७४/७५ को बजेट कार्यान्वयन सम्वन्धी द्वैमासिक समीक्षा बैठकको निर्णयको प्रतिलिपि यसैसाथ संलग्न गरी पठाइएको छ। सो बमोजिम गर्ने गराउने ब्यवस्थाका लागि आदेशानुसार अनुरोध छ ।

०७४।०६।२६
श्यामप्रसाद आचार्य
शाखा अधिकृत

श्री योजना महाशाखा

श्री योजना शाखा

निर्णयहरुः-

१. बजेट कार्यान्वयन कार्यतालिका बमोजिम कार्य सम्पादन गर्ने/गराउने।

२. महालेखा नियन्त्रक कार्यालय र मन्त्रालयहरुको सोधभर्ना लिनुपर्ने रकमको अभिलेख फरक फरक देखिएकोले महालेखा नियन्त्रक कार्यालयको अभिलेखसँग भिडान गरी सोधभर्ना लिनुपर्ने अभिलेख दुरुस्त गर्ने ।आश्विन मसान्तभित्र सोधभर्ना माग गरी पठाउने ।सोको जानकारी महालेखा नियन्त्रक कार्यालयलाई दिने ।

३. बजेट तथा कार्यक्रम कार्यानन्वयनका लागि दिईएको मार्गदर्शन अनुसार वार्षिक कार्यक्रमहरु सञ्चालन गर्ने/गराउने ।

४. बजेट बक्तब्यको बुँदागत प्रतिवद्धताको मापनयोग्य वार्षिक कार्ययोजना Online Monitoring System मा Upload गर्न बाँकी मन्त्रालयहरुले अविलम्ब Upload गर्ने र सोको प्रगति प्रत्येक महिनाको ७ गते भित्र Upload गर्ने ।

५. संघीय संरचनाको निर्माण, निर्वाचन खर्च, प्राकृतिक प्रकोप, उद्धार तथा राहत, पुननिर्माण खर्च, वित्तीय हस्तान्तरण एवं समायोजन खर्च (Conditional Expenses) का कारणले स्रोत साधनमा दवाव (Budget Pressure) पर्न गएकोले वार्षिक कार्यक्रम भन्दा बाहिरका कार्यक्रमहरुमा बजेट माग नगर्ने । साथै वित्तीय अनुशासन कायम गर्ने गरी कार्य गर्ने।

२०७४/६/२२

२०७४/६/२६